# परिच्छेद १: बैज्ञानिक प्रोत्साहन कोषको बारेमा

## १.१.परिचय

प्रदेशको आर्थिक विकास र नागरिकको समृद्ध जिवनका लागि उत्पादन, उत्पादकत्वमा बृद्धि, दिगो विकास, जनस्वास्थ्य, वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिदै नयाँ ज्ञान, विज्ञान प्रविधि र नवप्रवर्तनको विकास गर्न प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/०९ (तद्अनुसार २१ फेब्रुवरी २०१९) को निर्णयले प्रदेश सरकार (कार्य सञ्चालन) कोष ऐन २०७५ को दफा ११ ले दिएको अधिकार प्रयोग गरि युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना भएको हो।

## १.२.कोषको उद्देश्य

यस कोषको उद्धेश्य प्रदेश भित्र कृषि, उद्योग, पर्यटन, जलवायु तथा वातावरण, जैविक विविधता, जनस्वास्थ्य, जीव प्रविधि, सूचना प्रविधि, इन्जिनिरिङ, यातायात, नवीकरणीय ऊर्जा, विद्युत संग्रह जस्ता क्षेत्रहरुमा उत्पादन उत्पादकत्व बृद्धि गर्न वा मानवीय जीवन पद्धतीलाई सरल तथा सहज बनाउन नयाँ ज्ञान तथा प्रविधि, अनुसन्धान, विकास र ब्यावशायिक उपयोग गर्न प्रतिभाशाली नवप्रवर्तकहरुलाई आर्थिक सहयोग तथा बस्तुगत अनुदान उपलब्ध गराउनु हो।

## १.६.कोषको सचिवालय

कोषले आफ्नो दैनिक कार्य सञ्चालन र समन्वय गर्न आफ्नो सचिवालयल मार्फत गर्दछ। कोषको सचिवालय सामाजिक विकास मन्त्रालय वा मन्त्रालयले तोकेको ठाउँमा हुनेछ। सचिवालयले देहाय बमोजिमका कार्यहरु गर्नेछ।

१) आयोजना अवधारणा पत्र र प्रस्तावहरु माग गर्ने ,

२) स्वतन्त्र विषयगत समिक्षकहरुलाई प्रस्ताव मुल्याङ्कनको लागि पठाउने

३) कोषको उद्धेश्य, प्राथमिकताको क्षेत्र, कार्यक्रम एवं उपलब्धीहरु समबन्धमा प्रकाशन गर्ने, रेकर्डहरुको संरक्षण गर्ने एवं प्रचार प्रसार गर्ने

- क) आवेदकहरुबाट प्रस्तुत भएका प्रस्तावहरुमा प्रकृयागत कारवाही गर्ने
- ख) आयोजनाहरुलाई उपलब्ध गराईने रकमको समुचित वित्तिय व्यवस्थापन गर्ने
- ग) स्वतन्त्र विषयगत समिक्षकहरु र प्रस्तावकहरुको मूल्याङ्कन प्रकृयाको व्यवस्थापन गर्ने
- घ) कोष सञ्चालक समितिको बैठक आयोजना एवं प्रशासकीय व्यवस्था गर्ने
- ङ) कोषको महत्व एवं उद्धेश्यबारे प्रचार प्रसार एवं यसको संवेदनशीलता प्रति जागरण गराउने एवं तालीम को आयोजना गर्ने।
- च) कोष सञ्चालक समितिको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने।

# परिच्छेदः २
# अनुसन्धान तथा नवप्रवर्तनका विषयगत क्षेत्रहरु

*** परिचय　　* विषयगत क्षेत्ररहरु　　* तरिका र साझेदारी**

## २.१.परिचय

राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विज्ञान प्रविधिको विकास, नव-प्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व बृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै समृद्ध नेपाल निर्माणमा योगदानको लक्ष्य लिएको छ । यस लक्ष हासिल गर्न नवीनतम सोच भएका युवा वैज्ञानिकहरुकै भूमिका महत्वपूर्ण हुने भएकाले बागमती प्रदेश सरकारले युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना गरेको छ । विज्ञान, प्रविधि र नव-प्रवर्तनको विकास एवं उपयोगबाट प्रदेशको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु, विश्वका अत्याधुनिक उदयीमान प्रविधिको प्रयोग गर्दै ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्नु, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नव-प्रवर्तनलाई सशक्त क्रियाशील र परिणाममुखी बनाउनु, प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणीय संतुलन, विपद् जोखिम न्यूनीकरण, राष्ट्रिय सुरक्षा, परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवं आधुनिकीकरण, युवाहरुमा वैज्ञानिक संस्कारको विकास र अनुसन्धानमुखी शिक्षा प्रणालीलाई प्रोत्साहन गर्नु यस कोषका मुख्य उद्धेश्य रहेका छन् ।

## २.२ .विषयगत क्षेत्रहरु

युवा वैज्ञानिक प्रोत्साहन कोषको उद्धेश्य बमोजिम उदयीमान विज्ञान प्रविधिको विकास र नवप्रवर्तनको माध्यमबाट प्रदेशको आर्थिक विकास र नागरिकको सम्बृद्ध जीवनका लागि उत्पादन, उत्पादकत्व बृद्धि, दिगो विकास, जनस्वास्थ्य, वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न युवा वैज्ञानिकहरुलाई प्रोत्साहित गरी संलग्न गराउने नीतिका आधारमा तयार अनुसन्धानका विषयगत र प्राथमिकताका क्षेत्रहरु तय गरिएका छन् । कोषले सहयोग गर्ने क्षेत्रहरुमा मानव जीवनमा परिवर्तन ल्याउने उदीयमान विज्ञान प्रविधि तथा नव-प्रवर्तन जस्तैः फाईभ जी नेटवर्क, स्मार्ट ट्रान्सपोर्टेसन, साईवर सेक्यूरिटी, रोवोट, कृत्रिम बौद्धिकता (Artificial intelligence), जैविक वा पदार्थ रुपान्तरण, मेकानोट्रोनिक्स, जैविक प्रविधि, जेनेटिक ईञ्जिनियरिङ्ग, मेडिकल साईन्सेस, हरित प्रविधि (Green Technology), कृषि, वन, उर्जा, वातावरण, जैविक विविधता संरक्षण, पर्यटन आदि क्षेत्रमा नवप्रवर्तन र प्रविधि विकास रहेकाछन् । कोषले आयोजना अवधारणापत्र आह्वान गर्दा समय र आवश्यकता अनुसार प्रदेशको सम्बृद्धि सहयोग पुग्ने खालका विशेष प्राथमिकता क्षेत्रहरु निर्धारण गर्नेछ । युवा वैज्ञानिक प्रोत्साहन कोषले अनुसन्धान नवप्रवर्तनका लागि अनुदान रकम उपलब्ध गराउँदा कोषको उद्देश्य र कार्यविधि अनुसरण गरीर तल दिईएका विषयगत क्षेत्र र प्राथमिकताको क्षेत्रहरुमा केन्द्रीत रहेको छ ।

| बिषयगत क्षेत्र | प्राथमिकताको क्षेत्रहरु |
|---|---|
| १. कृषि | वाली, वागवानी, पशुजन्य, मत्स्य पालन आदिमा उत्पादन बृध्दि र औद्योगिकीकरण गर्न नवीनतम प्रविधिको खोजी, गुणस्तर र पोषणमा सुधार, कृषि पेशागर्न नयाँ र सहज खालका उपायहरु पत्ता लगाउने, नयाँ खालको यान्त्रिकीकरण फाईभ जी प्रविधिको विकास, गुणस्तर र मूल्य-अभिबृध्दि गर्न अन्तरराष्ट्रिय मापदण्ड संग मेल खाने गरी खाद्य, कृषि जैविक पदार्थहरुको रुपान्तरण, प्रविधि विकास र नव-प्रवर्तन |
| २. उद्योग | क) परम्परागत ज्ञान र सीपमा आधारित मौलिक वस्तुहरु उपयोग र उत्पादनलाई परिस्कृत गरी अन्तर्राष्ट्रिय गुणस्तर र निर्यात योग्य बनाउन प्रविधि विकास र नव-प्रवर्तन<br>ख) पर्यटन ब्यवशायमा नयाँ मौलिकता थप्ने किसिमका खोज, उच्च धरातलीय तथा नेपालको भूगोल सुहाउदो पर्यटनमा ब्यवशायमा उपयोग हुने नयाँ उपकरण, मोडेल ईत्यादि<br>ग) जैविक विविधता र प्राकृतिक श्रोत (औषधी जन्य वनस्पती, काष्ठ तथा गैह्र काष्ठ पैदावार, खानी) प्रयोगमा दिगो उपयोग हुनेगरी गुणस्तरीय औद्योगिक उत्पादन गर्न उदयीमान प्रविधीको विकास |
| ३. जैविक प्रविधि र नानो प्रविधि | क) जैविक विविधता र प्राकृतिक श्रोतमा आधारित उद्योगहरुलाई गुणस्तरीय उत्पादनका लागि जैविक प्रविधि , नानो प्रविधि जस्ता उदयीमान प्रविधीको विकास<br>ख) जैविक प्रविधिका विविध आयाम, नानो प्रविधिको प्रयोग गरी कृषिमा आधुनिकिकरण, ब्यक्ति विशेष कृयात्मक खाद्य पदार्थ तथा औषधीको विकास, नानो जैविक मल, बनाउने प्रविधिको विकास |
| ३.जैविक विविधता वातावरण संरक्षण र जलवायु परिवर्तन | क) वातावरण सन्तुलन र प्राकृतिक श्रोतहरुको संरक्षण र परनिर्भता कम गर्न उदयीमान विज्ञान तथा प्रविधिहरुको अनुसन्धान र विकास<br>ख) विपद् जोखिम न्यूनीकरण र आपतकालीन सुरक्षाका लागि वैज्ञानिक ज्ञान र नव-प्रवर्तित प्रविधिको विकास गर्ने। |
| ४. जनस्वास्थ्य | क) स्वास्थ्य विज्ञानमा विभिन्न असाध्य तथा नसर्ने रोगहरुको पहिचान र निदानका लागि जेनेटिक र ईम्युनो प्रविधि र उपचार पद्दतीको विकास<br>ख) गुणस्तरीय र प्रभावकारी खाद्य तथा औषधीको विकास |
| ५. सूचना प्रविधि र कृतृम बौद्धिकता ईञ्जिनियरिङ्ग | स्मार्ट ट्रान्सपोर्टेसन, कृतृम बौद्धिकता, साईबर सुरक्षा, फाईभ जी नेटवर्क, ई-रोबोटिक्स, सुरक्षित सूचना प्रविधि, सफ्टवेयरको अनुसन्धान र विकास<br>यातायात, नवीकरणीय उर्जा, विद्युत संग्रह,<br>सुलभ आवास, स्वच्छ खानेपानी, शुद्ध बायु, पोषण र सन्तुलित आहार र प्रभावकारी औषधी विकासका लागि नव-प्रवर्तित प्रविधिको विकास<br>पूर्व चेतावनी प्रणाली, आपद विपद्को जानकारी दिने अत्यावश्यक प्रविधिहरुको नवप्रवर्तन |

### २.३ . अनुसन्धान बजेटको आकार र व्यवस्थापन

क) कोष सञ्चालक समितिले स्वीकृत गरे अनुसारको रकम आयोजनालाई उपलब्ध गराइनेछ ।

ख) छनौट भएका प्रस्तावकले स्वीकृत अनुदान सहयोग स्वरुप रकम प्राप्त गर्नेछन् । उक्त अनुदान रकम युवा बैज्ञानिक प्रोत्साहन कोषसँग भएको संझौता बमोजिम एवम निर्देशन अनुसार व्यवस्थापन गर्नु पर्नेछ ।

### २.४ .आयोजना अवधारणापत्र पेश गर्दा पालना गर्नुपर्ने शर्तहरु

कोषबाट सहयोगका लागि प्रस्तुत गरिने प्रस्तावहरुका शर्तहरु यस प्रकार रहेका छन् ।

क) यस कोषमा आवेदन दिने आवेदकहरुले कोषको उद्देश्य अनुरुप बागमती प्रदेशको सम्बृद्धि र प्रविधि विकासका लागि उपयोगी हुने आयोजनाहरुमा मात्र आवेदन दिन पाउने छन् ।

ख) आयोजना अवधारणापत्र विज्ञान तथा प्रविधिको विकास र नव-प्रवर्तनको माध्यमबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै प्रदेशको तीव्र आर्थिक विकास र जनताको सम्बृद्धिलाई लक्षित भएको हुनु पर्ने छ । अनुसन्धानकर्ता र नवप्रवर्तकहरुले यस्ता मुद्दाहरुलाई आफ्नो कार्यक्रममा बढी भन्दा बढी अभिमुखीकरण गर्नु पर्नेछ ।

ग) अनुसन्धान तथा प्रविधि विकासका र नव- प्रवर्तनका कार्यक्रमहरुमा उपयुक्त परम्परागत प्राविधिक ज्ञान, प्रदेशमा उपलब्ध श्रोत र साधनहरुलाई समुचित प्रयोग गर्ने किसिमको हुनु पर्नेछ ।

घ) संविधानले युवा तोके बमोजिम उमेर समूहका युवा वैज्ञानिकहरुले मात्र आवेदन दिन पाउने छन् ।

ङ) अनुसन्धान तथा नव-प्रवर्तन कार्यमा संयुक्त, समूह र साझेदारीमा कार्य गर्ने आवेदकहरुलाई प्राथमिकता दिईने छ ।

च) आवेदन दिने युवा वैज्ञानिकहरुले आफूले काम गर्न चाहेको अनुसन्धानशाला /प्रयोगशाला संस्था र सुपरिवेक्षकको हस्ताक्षरीत सहमति पत्र र वायोडाटा सहित पेश गर्नु पर्नेछ ।

ङ) नवप्रवर्तकले विकास गरेको प्रविधि वा बौद्धिक सम्पतिबाट भएको ईक्वीटीको साठी प्रतिशत नवप्रवर्तन कर्ताको हुनेछ भने चालीस प्रतिशत कोषको हुनेछ ।

### २.५ . तरिका र साझेदारी (Methodologies and Partnership)

यस कोषबाट प्रदान गरिने प्रोत्साहन रकम उदयीमान विज्ञान प्रविधिको विकास, नव-प्रवर्तन र यसको नतीजा मानव जीवनलाई सहज र सरलीकरण गर्न र प्रदेशको सम्बृद्धिमा सहयोग पुग्ने हुनु पर्दछ । यो कार्यमा प्रदेशको सम्बृद्धिका विविध समस्याहरुको पहिचान गरी त्यसको समाधान सहित प्रदेशलाई सम्बृद्धि तर्फ लैजाने तथा मूल्याङ्कन गर्ने एउटा मुख्य कार्य हो ।

१) कोष बाट गराईने अनुसन्धानका सवल पक्षहरु (strength of research)

क) विज्ञान, प्रविधि विकास र नव-प्रवर्तनमा परम्परागत ज्ञान र शीपलाई आधुनिकीकरण गरी खेर गैरहेको साधन र श्रोतको उपयोग र स्थानीय प्राकृतिक श्रोतहरुको दिगो उपयोग हुनेछन् ।

ख) प्रदेशको सम्बृद्धिलाई सम्बोधन गर्ने संचालन गरिने कोषका कार्यक्रमहरु राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति अनुकुल हुनेछन् ।

घ) अनुसन्धान, नव-प्रवर्तन, प्रसार, प्रदेश सरकार र उद्यमीवीच प्रभावकारी अन्तरक्रिया भई उपयुक्त प्रविधि विकासमा पृष्ठपोषण हुनेछन्।

ङ) अनुन्धानकर्ता र नव-प्रवर्तकहरुले आफ्ना अनुभव र सीपहरुको प्रविधि विकास र नव-प्रवर्तन गर्ने मौका पाउने हुँदा यसबाट अधिकतम जन उपयोगका लागि अनुशरण पद्दतिको अध्ययन गरिनेछन्।

च) यसबाट अनुसन्धानकर्ता र नव-प्रवर्तकहरुको प्रयोगशाला स्थलमा निरन्तर प्रविधि विकास र नव-प्रवर्तनको अध्ययन, अनुगमन र प्रसार गर्ने अवसर उपलब्ध हुनेछन्।

छ) अनुसन्धानकर्ता, नव-प्रवर्तक, प्राविधिक कार्यदल, उद्यमीहरु एवं सरोकारवालाहरु संलग्न छलफल, कार्यशाला गोष्ठी आदिबाट उठेका सम्बृद्धि र समस्या समाधानमा आधारित रहेर गरिने अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनहरु समेट्न कोशिस गरिनेछन्।

## परिच्छेदः ३
## आयोजना अवधारणा पत्र तैयार गर्ने निर्देशिका

---

*** अवधारणापत्र् तयारी  * फारमको ढाँचा  * प्रोफाईलको ढाँचा**

---

आयोजना अवधारणापत्र (Project Concept Note), आयोजना प्रस्तावको सँक्षिप्त प्रारम्भिक रुप हो । प्रस्तावकले कोषले निर्धारण गरेको ढाँचा अनुसार आयोजना अवधारणा पत्र पेश गर्नु पर्दछ।

### ३.१. उद्धेश्य

युवा वैज्ञानिक प्रोत्साहन कोषमा विस्तृत प्रस्ताव तयार गर्नु पूर्व प्रस्तुत प्रस्तावहरुको छिटो मूल्याङ्कन (Quick assessment) पद्धतीबाट स्वीकारयोग्य रहे नरहेको आंकलन गर्ने र स्वीकारयोग्य ठहरिएका अवधारणा पत्रलाई पूर्ण प्रस्तावको विकास गर्ने अवसर उपलब्ध गराउनु यस अवधारणा पत्रको मुख्य उद्धेश्य हो।

### ३.२. अवधारणापत्र तयारीको मार्गदर्शन

१. आयोजना अवधारणा पत्र अनुसन्धान तथा नवप्रवर्तन प्रस्तावको एउटा संक्षिप्तरुप भएले यसको तैयारी गर्दा आवश्यक विवरणहरु तथा ठोस पुष्ट्याई सहित पूर्ण सावधानी पूर्वक गरिनु पर्दछ।

२. यस परिच्छेदमा व्याख्या गरिए अनुरुपको पूरण तर्कयुक्त ढाँचा (Logframe) सहित अवधारणा पत्र तयार गर्नु पर्दछ। अवधारणापत्र तयार गर्दा यस निर्देशिका अनुसूची १ मा दिइए जस्तै पहिले तर्कयुक्त ढाँचा र त्यस पछि अवधारणापत्र तयार गर्नु पर्दछ।

३. समीक्षा प्रकृयामा गोप्यता कायम राख्नको लागि प्रस्तावकले आफू, आफ्नो संस्था वा कुनै पनि समूह सदस्यहरुको पहिचान, सम्पर्क विवरण लेख्ने पेज र संस्थाको प्रोफाइल (विवरण) फाराम वाहेक अन्य स्थानमा खुलाउनु हुँदैन। यदि कसैको ब्यक्तगत पहिचान खुलेको पाईएमा त्यस्ता अवधारणापत्र रद्द हुनेछन्।

४. आयोजना अवधारणापत्र कोषले निर्दिष्ट गरेको प्राथमिकता क्षेत्र अन्तर्गत रही लेखिएको हुनुपर्ने छ।

५. प्रस्तावकले अवधारणापत्रसँगै अनुसन्धान, नव-प्रवर्तनको प्रकृतिले माग गरे अनुरुपको कार्य गर्ने, सहकार्य गर्ने प्रयोगशाला, संस्था(हरु) सँग भएको सहमती / सम्झौता पत्र र आफूले राख्न चाहेका सुपरिवेक्षकहरुको हस्ताक्षरित वायोडाटा सहित सहमति पत्र अनिवार्य पेश गर्नुपर्ने छ।

६. अवधारणापत्रसँगै आयोजना संयोजकको अद्यावधिक एवं दस्तखत भएको व्यक्तिगत विवरण (अनुसूची २ वमोजिम) पेश गर्नु पर्नेछ। अनुसन्धानकर्ता नव-प्रवर्तक संयोजकको शैक्षिक योग्यता र अनुभवहरु प्रस्तावित आयोजना प्रस्तावसँग प्रत्यक्ष सम्बन्धित हुनुपर्ने छ।

७. सँस्थाको विवरण (प्रोफाइल) मा वर्णन गरेवमोजिम आयोजना कार्यदल टीमको वनोट दक्ष व्यक्तिहरुको नाम संलग्न हुनुपर्ने छ।

८. एउटा अवधारणापत्र आव्हानमा सम्मिलित नवप्रवर्तक एक भन्दा वढी आयोजनामा संयोजक र थप दुईवटा आयोजनामा सदस्य हुन पाउने छन् तर अवधारणपत्र स्वीकृत भैसकेपछि कुनै एउटामा मात्रै बसी कार्य गर्नु पर्ने छ।

९. यस कोषको सहयोगमा सञ्चालित आयोजना सञ्चालन गरिरहेका आयोजना संयोजकले सञ्चालित आयोजना सम्पन्न नहुञ्जेल थप अर्को अवधारणापत्र पेश गर्न सक्ने छैनन्।

१०. अन्य कुनै निकायमा संयोजक वा सँलग्न् भई आयोजना सञ्चालन गरिरहेको ब्यक्तिले संयोजक भई यस आयोजनामा प्रस्ताव पेश गर्न पाईने छैन।

११. आवेदकहरुले एक भन्दा बढी आयोजनामा प्रस्ताव पेश गर्न सक्नेछन् तर त्यस्तो प्रस्ताव फरक फरक फाईल बनाई पेश गर्नुपर्ने छ।

### ३.३. आयोजना अवधारणापत्र तैयारी गर्ने ढाँचा

**सम्पर्क विवरण**

| | |
|---|---|
| आयोजनाको शीर्षक | आवेदकले आयोजनाको कार्यक्षेत्र्लाई स्पष्ट संवोधन/बुझाउन सक्ने खालको शीर्षक प्रस्तुत गर्नुपर्ने छ। |
| आयोजनाको संयोजक | आयोजनाको प्रस्ताव तयारी देखि सञ्चालन सम्पन्न नभएसम्मको सम्पूर्ण जिम्मेवारी लिने व्यक्ति (आयोजना संयोजकको व्यक्तिगत विवरण संलग्न गर्नुपर्ने छ) |
| ठेगाना | आयोजना संयोजक/ कम्पनीको सम्पर्क विवरण उल्लेख गर्नुपर्ने छ<br>फोन नं.<br>मोवाईल नं.<br>ईमेल |
| कार्य गर्ने प्रयोगशालाको नाम | प्रस्तावना अनुरुप अनुसन्धान, नव-प्रवर्तन कार्य गर्ने प्रयोगशाला को नाम र ठेगाना स्पष्ट हुनु पर्नेछ। |
| सुपरिवेक्षकको नाम | प्रस्तावना अनुरुप अनुसन्धान, नव-प्रवर्तनका लागि सुपरिवेक्षण गर्ने ब्यक्तिको (सुपरिवेक्षकको नाम, व्यक्तिगत विवरण) उल्लेख गर्नुपर्ने छ। |
| साझेदारी वा सहयोगी संस्था | आयोजना सञ्चालन गर्न सम्झौता भएका संस्थाहरुको नामावली उल्लेख गर्नु पर्नेछ। उक्त संस्थाहरु अनुसन्धान नव-प्रवर्तनमा सक्रिय सहभागी हुने बारेमा भएको सम्झौता वा सहमति पत्र आयोजना अवधारणापत्र साथै संलग्न राखी पेश गर्नुपर्ने छ। |

पुनश्चः यो पृष्ठ बाहेक अन्य स्थानमा प्रस्तावक ब्यक्ति वा संस्थालाई चिनाउने कुनै पनि कसिमको नाम वा चिन्ह प्रयोग गर्न पाइने छैन।

कोषको कार्यालय प्रयोजनको लागि मात्र

| | | | |
|---|---|---|---|
| युवा वैज्ञानिक प्रोत्साहन कोषको कोड नं. | | प्राप्त मिति | |

| | |
|---|---|
| कैफियत | |

| युवा वैज्ञानिक प्रोत्साहन कोषको कोड नं. | |
|---|---|

**आयोजना विवरण**

| | |
|---|---|
| आयोजनाको शीर्षक | शीर्षक छोटो आयोजनाको कार्यक्षेत्र र उपलबधी बुझिने हुनु पर्दछ। |
| युवा वैज्ञानिक प्रोत्साहन कोषको विषयगत क्षेत्र | कोषले निर्धारण गरेका विषयगत क्षेत्रभित्र रहि तैयार गर्नुपर्ने छ। |
| युवा वैज्ञानिक प्रोत्साहन कोषको प्राथमिकता क्षेत्र | कोषले उल्लेख गरेका विषयगत क्षेत्रभित्र रहेका प्राथमिकताहरु पर्दछन्। प्रस्ताव आह्वान गर्दा गरेको विशेष प्राथमिकता क्षेत्रलाई यहाँ उल्लेख गरिनु पर्दछ । युवा वैज्ञानिक प्रोत्साहन कोषको प्राथमिकता क्षेत्रभित्र नपरेका प्रस्तावहरु रद्द हुनेछन्। |
| आयोजना स्थल | अनुसन्धान, नव-प्रवर्तन गरिने स्थल बागमती प्रदेश भित्र हुनुपर्ने छ। |
| लाभान्वित वर्ग/क्षेत्र | प्रदेश भित्रको लाभान्वित वर्ग, क्षेत्र र यसले पार्ने प्रभाव उल्लेख गर्नुपर्ने छ । |
| आयोजनाको लागत | आयोजना कार्यान्वयन गर्दा लाग्ने बजेट यथार्थ हुनु पर्दछ। स्थानीय बजार भाउ र लाग्ने लागत अनुरुप यथार्थ परक बजेट नभएमा प्रस्तावहरु रद्द हुनेछन्। |
| आयोजनाको अवधी | आयोजना सम्पन्न गर्न लाग्ने समय उल्लेख गर्नु पर्नेछ। कोषले बढीमा ३ बर्षको समयावधि दिइने छ तर छिटो नतीजा दिने खालका प्रस्तावहरुलाई प्राथमिकता दिईने छ। |

| आयोजना पृष्ठभूमि (२०० शब्द) |
|---|
| पृष्ठभूमी स्पष्ट र संक्षेपमा हुनु पर्नेछ। प्रस्तावित अनुसन्धानको महत्व र विकासका अवसरहरु संक्षेपमा लेख्नुपर्ने छ। यससँग सम्बन्धित पहिले भएका गरिएका महत्वपूर्ण आयोजना, प्रकाशन र प्रविधि विकासको वारेमा अध्यावधिक विवेचना गर्ने जसबाट यस आयोजना सफलता पूर्वक सञ्चालन गर्न सकिने पुष्ट्याई होस। पृष्ठभूमिमा आयोजनाको महत्व, यसबाट सम्बृद्धिमा पार्ने प्रभाव र प्रस्तुत आयोजनाले समस्या समाधान कसरी गर्न सक्नेछ भन्ने व्यहोरा साराँशमा प्रस्तुत गर्न उपयुक्त हुन्छ। |
| आयोजनाको पुष्ट्याई (३०० शब्द ) |
| यस अन्तरगत यथार्थ समस्याहरु पहिचान गरी तिनीहरुलाई अनुसन्धान र नव-प्रवर्तनको माध्यमबाट बागमती प्रदेशको सम्बृद्धि र नागरिकको जीवनका सहजीकरणमा योगदान र विकास संभव होस् जसबाट नागरिकको जीवनस्तरमा परिवर्तन हुनेगरी आयोजनाको आवश्यकता बारे पुष्ट्याई होस । |
| आयोजनाको उद्धेश्य (२०० शब्द) |
| आयोजनाबाट छोटो समयम प्रत्यक्ष देखाउने मापनयोग्य प्रभाव (Mesurable outcomes) नै उद्देश्य हो र यो नै आयोजनाको महत्वपूर्ण उपलब्धी हो । यसमा समष्टिगत रुपमा आयोगनाका उपलब्धीहरुले प्रदेशको सम्बृद्धि र नागरिकको जीवनमा ल्याउने परिवर्तनका बारेमा उल्लेख गर्नुपर्ने छ । |
| आयोजनाको प्रतिफलहरु (२०० शब्द) |

| |
|---|
| अनुसन्धान /नव-प्रवर्तन आयोजनाबाट सिधा प्राप्त हुने प्रतिफलहरुका अतिरिक्त यस उपलब्धिबाट हुने प्रभावहरु प्रविधि विकास, उत्पादन र उत्पादकत्वमा बृद्धि, प्रविधिको जनस्तरमा उपयोग, प्रसार, लेख, प्रकाशन, हाते पुस्तक, युट्युव र अन्य श्रव्य दृष्य सामाग्री, नयाँ ज्ञान, प्रविधि अथवा तरिकाहरुको लाभान्वित वर्ग आदि उल्लेख गर्न सकिने छ। आयोजनाबाट प्राप्त नतिजा कोषको उद्देश्य प्राप्तिमा मेल खाने हुनुपर्ने छ । |
| आयोजनाका क्रियाकलापहरुको डिजाइन (५०० शव्द) |
| उदाहरणका लागि प्रयोगशालामा खर्चहुने सामाग्रीको जोहो र तैयारी, प्रयोगशाला परिक्षण विधि, डिजाइन र प्रविधि विकास, प्रशोधन, पदार्थ वा प्रविधि रुपान्तरण वा परिवर्तन (Modification) गर्ने तरिका आदि उल्लेख हुनुपर्ने छ।<br>**अवधारणा पत्रमा आयोजना कसरी सञ्चालित हुनेछ भनी उल्लेख गर्नुपर्ने पक्षहरु (संक्षेपमा)**<br>प्रतिफल (Outputs) प्राप्तिका लागि आयोजना संचालन गर्दा गरिने क्रियाकलापहरु अध्ययन, नव-प्रवर्तन, प्रयोगशाला परिक्षण, विधि, प्रविधि विकास, पदार्थको रुपान्तरण, यान्त्रिक विकास वा रुपान्तरण, परिक्षण, प्रसार, आदि गर्ने तौर तरिका कार्य गर्दा के कस्ता कृयाकलापहरु अपनाईन्छ र त्यसको कसरी डिजाइन गरिएका छन् त्यसको विवरण (Outline) प्रस्तुत गर्नुपर्दछ। हरेक प्रतिफल (Output) प्राप्तिका लगि एक वा सो भन्दा वढी क्रियाकलाप (Activity) गरिने हुन्छ र यस्ता क्रियाकलाप कार्यान्वयनलाई परिभाषित गर्ने र अपनाईने रणनीति समेत प्रस्तुत गर्नुपर्ने छ।<br>सहभागितात्मक वा समूहमा गरिने अनुसन्धान र नव-प्रवर्तनका आयोजनालाई प्राथमिकता दिईनेछ । आवेदक र नीजले काम गर्ने प्रयोगशाला वा साझेदार संस्थासंग भएका सुविधा, श्रोत एवं दक्षता समावेश गर्नु पर्नेछ । आयोजनामा संलग्न / सहभागी गराईने व्यक्ति वा संस्थालाई आयोजना कार्यान्वयनमा के कसरी सहभागी गराउने वा संलग्न हुने हो सोको उल्लेख गर्नु पर्नेछ । यसका अतिरिक्त कुनै खास क्रियाकलाप वा अंशको लागि विशेष प्रयोगशाला, ब्यक्ति वा श्रोत आवश्यक पर्ने भएमा सो समेत उल्लेख गर्नुपर्ने छ।<br>आयोजना प्रस्ताव तयार गर्दा प्रतिफलहरु (Output) उत्पादन र उत्पादकत्व बृद्धि, प्रदेशको सम्बृद्धि, मानव जीवन सुधारका लागि अनुसारण र विस्तार (Uptake and upscaling), अनुगमन र मूल्यांकन आदिलाई एकीकृत रुपमा डिजाइन गरिएको हुनुपर्ने छ। |
| लाभान्वित वर्ग (२०० शब्द) |
| आयोजनाबाट विकसित नयाँ प्रविधि, डिजाईन, उपकरण, सीप, तरिका वा ज्ञानको उपयोग गरी सामाजिक, आर्थिक, वातावरणीय, स्वास्थ्य, सम्बृद्धि आदि उपयोग गर्ने वा लाभान्वित हुने समूह नै लाभान्वित वर्ग हुन। यस्ता लाभान्वित वर्ग घर परिवार, गाँउ, समाज, उद्योग, व्यवशाय अथवा हित हुने वृहत समुदाय को पहिचान गरी उल्लेख गर्नुपर्ने छ। |
| आयोजनाका जोखिमहरु |
| बाहिरी परिस्थिति अथवा कारणले गर्दा आयोजना संचालन गर्दा नियन्त्रण गर्न नसकिने वा आयोजनाको लक्ष्य प्राप्ति गर्न यी कारण वा परिस्थितिमा निर्भर रहनु पर्ने हुन्छ वा जसका कारणले आयोजना असफल हुन सक्दछ यस्ता कुराहरुको उल्लेख गर्नु पर्दछ। जोखिम छैन भने सोहि बमोजिम उल्लेख गर्नुपर्ने छ। |

| |
|---|
| तर्कयुक्त ढाँचा (Logical Framework) |

अनुसूची १ को तर्कयुक्त ढाँचा अनुरुप विवरण तयार गरी आयोजना प्रस्तावसँगै प्रस्तुत गर्नुपर्ने छ ।

**आर्थिक विवरण**

आर्थिक विवरण तयार गर्दा आयोजनाको अपेक्षित उपलब्धिहरु हासिल गर्न लाग्ने आवश्यक न्यूनतम रकम मात्र प्रस्तुत गर्नुपर्ने छ ।

| विवरण [१,२,३,४,५] | प्रथम वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | यु. वै. प्रो. को. बाट माग गरेको रकम (ने.रू.) | आवेदक/ संस्थाले ब्यहोर्ने रकम (ने.रू.) | जम्मा |
|---|---|---|---|---|---|---|
| क्रियाकलाप १ | | | | | | |
| क्रियाकलाप २ | | | | | | |
| क्रियाकलाप ३ | | | | | | |
| क्रियाकलाप……. | | | | | | |
| कार्यक्रम खर्च | | | | | | |
| शिरोभार खर्च | | | | | | |
| भैपरी खर्च | | | | | | |
| जम्मा | | | | | | |
| मू.अ.कर | | | | | | |
| कुल जम्मा | | | | | | |

नोटः यु. वै. प्रो. को.: युवा वैज्ञानिक प्रोत्साहन कोष

१. नमूना संकलन वा अध्ययनका लागि फिल्ड जानु पर्ने भएमा दैनिक तथा भ्रमण भत्ता खर्च मन्त्रालयको प्रचलित दरमा प्रस्ताव गरिनु पर्दछ र आयोजनाको उद्धेश्य प्राप्तिका लागि न्यूनतम लाग्ने रकम मात्र समावेश गर्नु पर्दछ।

२. अनुसन्धान, नव-प्रवर्तनका लागि आवश्यक खर्च हुने सामग्री र साधारण औजार सामग्रीका सम्बन्धमा प्रस्तावमा पूर्ण पुष्ट्याईं प्रस्तुत गर्नु पर्नेछ । तर यस कोषबाट आयोजनाका लागि खर्च हुने सामाग्री बाहेक महङ्गा, ठूला उपकरण र भौतिक पूर्वाधारमा अनुदान उपलब्ध गराईने छैन।

३. शिरोभार र भैपरी बजेट सके सम्म कम राख्नु पर्दछ र कार्यक्रम खर्चको १० प्रतिशत भन्दा बढी हुनु हुदैन ।

४. सहभागी र साझेदार सँस्थाहरुबाट समेत अनुसन्धान रकम ब्यहोरिने आयोजनालाई प्रोत्साहन गरिनेछ ।

५. बजेट तैयार गर्दा प्रचलित आर्थिक ऐन र नियामावलीसंग मेल खाने हुनु पर्दछ ।

### ३.४. आवेदक/ साझेदारी सँस्था/ कंपनीको प्रोफाइल

आयोजनासँग साझेदारी गर्ने शैक्षिक, सरकारी, गैर सरकारी अनुसन्धान संस्था वा कंपनीले यो फाराम भर्नु पर्नेछ । यसले नपुगेमा अरु पानाहरु थप गर्न सकिनेछ । यसमा दिईएका जानकारीहरु कोही कसैलाई उपलब्ध गराईने छैन । यो फाराम आयोजना अवधारणा पत्र् पेश गर्दा छुट्टै पानामा भरी पेश गर्नु पर्नेछ ।

| | |
|---|---|
| संस्थाको नाम | |

| | |
|---|---|
| संस्थाको प्रकार (शैक्षिक, अनुसन्धान, कम्पनी, सरकारी, गैह्र सरकारी) | |
| सम्पर्क विवरण (ठेगाना, टेलिफोन, ईमेल) | |
| संस्थाको दर्ता नं., मिति र नवीकरण मिति | |
| संस्थाले कार्य गर्ने क्षेत्र् | |
| लेखा प्रणाली | |

| **संस्थाको विज्ञान प्रविधिको क्षेत्रमा अनुसन्धान/नव-प्रवर्तनको प्रविधि विकासको आयोजना संचालनमा अनुभव** | | | |
|---|---|---|---|
| क) सम्पन्न भएका आयोजनाहरु | | | |
| आयोजनाको विषयगत क्षेत्र | सम्पन्न आयोजनाको शीर्षक | बजेट प्रवाह | बजेट श्रोत |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ख) चालु आयोजनाहरु | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| आवश्यक भएमा थप पंक्तिहरु समावेश गर्ने वा छुट्टै पनामा संलग्न गर्न् सकिने छ। | | | |
| संस्थाको विधान अनुसार कार्यगर्ने मुख्य उद्देश्यहरु उल्लेख गर्नुपर्ने छ। | | | |
| | | | |
| आवेदकको संस्था र अन्य संस्थाहरु वीच भएका गरेका सम्झौता वा सहकार्‍यहरु भए कुन प्रकारको छ उल्लेख गर्नुपर्ने छ। | | | |
| | | | |
| आवेदकको संस्था वा सहकार्य गर्ने संस्थाले विज्ञान तथा प्रविधिको विकास र नव-प्रवर्तनका अनुसन्धान तथा प्रविधि विकासका कार्यक्रमहरु संचालन गरेको छ भने विकास गरिएका प्रविधिबाट उत्पादन, उत्पादकत्व वा मानवीय जीवन पद्धति सहजता बनाउन के कस्तो भूमिका खेलेको छ र यसको उपयोगिताको ब्यापकता कतिको छ उल्लेख गर्नुहोस। | | | |
| | | | |

| **संस्थाको वैज्ञानिक र प्राविधिक मानवीय श्रोत** | | | | |
|---|---|---|---|---|
| नाम | | विषय | योग्यता | अनुभवको क्षेत्र र वर्ष |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| आवश्यक परेमा थप पंक्तिहरु समावेश गर्ने वा छट्टै पानामा संलग्न् गर्ने। | | | | |

| प्रस्तावित आयोजनाको कार्यदलमा संलग्न हुने ब्यक्तिहरु* | | | | |
|---|---|---|---|---|
| नाम, थर | विषय विशेषज्ञता | शैक्षिक योग्यता | कार्य अनुभव वर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| *आयोजना अवधारणा पत्र पेश गर्ने सबै संस्थाहरु वा ब्यक्तिहरुको लागि अनिवार्य रुपमा भर्नु पर्ने।<br>आवश्यक भएमा थप पंक्ति हरु समावेश गर्ने वा छुट्टै पानामा संलग्न गर्ने । | | | | |

| आवेदक वा आयोजनामा संलग्न ब्यक्तिहरुबाट प्रकाशित कृतिहरु वा विकास गरिएका प्रविधिहरुका शीर्षक |
|---|
| १. |
| २. |
| ३. |

### ३.५. आयोजना अवधारणापत्र पेश गर्ने तरिका

कोषमा अवधारणा-पत्रका लागि चाहिने सबै कागजातहरु पेश गर्दा एउटै फाइलमा राखी पेश गर्नु पर्दछ । यदि कुनै ब्यक्ति वा संस्थाले एक भन्दा वढी आयोजना अवधारणापत्र पेश गर्न चाहेको छ भने छुट्टा छुट्टै रुपमा फाईल बनाई पेश गर्नु पर्दछ । आयोजनाको शीर्षक प्रष्टसंग खुल्ने हुनु पर्दछ। प्रस्ताव पेश गर्दा कागजी फाईल सँगसँगै ईलेक्ट्रोनिक सफ्ट कपी पनि पेश गर्नु पर्नेछ।

विषयगत क्षेत्रहरूमध्ये कुनै एकमा चिन्ह

१. कृषि

२. उद्योग

३. जैविक विविधता वातावरण संरक्षण र जलवायु परिवर्तन

४. जनस्वास्थ्य

५. सूचना प्रविधि र कृतृम बौद्धिकता ईञ्जिनियरिङ्ग

| क्र.सं. | आवश्यक कागजातहरु | पेश गर्नुपर्ने प्रति | कोषको सचिवालयले रुजु गर्ने (संलग्न छ/छैन) |
|---|---|---|---|
| १. | यस चिन्ह लगाउने चेकलिष्ट | १ प्रति | |
| २. | आवेदक ब्यक्ति / संस्थाको पत्र | १ प्रति | |
| ३. | अनुसन्धान गर्ने प्रयोगशाला वा सहकार्य गर्ने संस्थाको सहमति पत्र | १ प्रति | |
| ४. | कोषको फर्मेट अनुरुप लेखिएको अवधारणा पत्र | ४ प्रति | |
| ५. | सोच तालिका | ४ प्रति | |
| ६. | अनुसन्धान गर्ने संस्थाको प्रोफाइल (फर्मेट अनुसार) | १ प्रति | |
| ७. | अनुसन्धान आयोजनामा काम गर्ने कार्यदलको विवरण | १ प्रति | |
| ८. | अनुसन्धान संयोजक र सदस्यहरुको फर्मेट अनुसार दुई पेजको व्यक्तिगत विवरण | १ प्रति | |
| ९. | आवेदक संस्थाको दर्ता वा व्यक्ति भए नेपाली | १ प्रति | |

| क्र.सं. | आवश्यक कागजातहरु | पेश गर्नुपर्ने प्रति | कोषको सचिवालयले रुजु गर्ने (संलग्न छ/छैन) |
|---|---|---|---|
| | नागरिकता प्रमाणपत्रको प्रतिलिपी | | |

# परिच्छेदः ५
# छनौट प्रकृया तथा आधारहरु

---

**आयोजना अवधारणापत्र र पूरण प्रस्तावको छनौट प्रकृया र समीक्षा आधारहरु**

---

## ५.१ .आयोजना अवधारणपत्रको छनौट प्रकृया

आयोजना अवधारणापत्र र पूर्ण प्रस्तावको छनौट प्रकृया र मूल्याङ्कनका आधारहरु यस प्रकार रहेकाछन्

१. कोष सञ्चालक समितिले प्राथमिकता क्षेत्र तोकी राष्ट्रिय पत्र पत्रिका, वेभसाइट र सामाजिक संजाल मार्फत इच्छुक युवा वैज्ञानिकहरुबाट आयोजना अवधारणा पत्र आव्हान गर्नेछ।

२. आयोजना अवधारणा पत्र युवा वैज्ञानिक प्रोत्साहन कोषले जारी गरेको निर्देशिका अनुरुप तयार गरिएको हुनु पर्दछ र उक्त प्रस्तावहरु आवेदकले कोषको सचिवालय वा सचिवालयले तोकेवमोजिम पेश गर्नु पर्दछ।

३. कोषबाट सहयोग प्राप्त गर्न इच्छुक संघ संस्थाहरुले आयोजना अवधारणा पत्रसाथ संस्थाको प्रोफाइल समेत पेश गर्नु पर्नेछ। यसमा कार्‍य गर्ने प्राविधिक, वैज्ञानिक, योग्यता, संस्थाको उद्देश्य, आर्थिक स्थितिको स्तर, विगतमा संचालित आयोजना संचालनका अनुभव तथा प्रस्तुत विषयसँग सम्बन्धित विषयमा संचालित आयोजना वा क्रियाकलापहरुको विवरण समावेश गर्नु पर्नेछ।

४. प्रत्येक अवधारणापत्र निम्न विषयका आधार (Criteria) भित्र पर्ने सुनिश्चित्ताका लागि युवा वैज्ञानिक प्रोत्साहन कोषले प्रारम्भिक छनौट गर्ने छ।

   क) अवधारणा पत्र युवा वैज्ञानिक प्रोत्साहन कोषको प्रस्ताव आव्हान अन्तरगतका प्राथमिकता प्राप्त क्षेत्रमा अनुसन्धान र नवप्रवर्तन भित्र परेको हुनु पर्ने छ।

   ख) आयोजना अवधारणा पत्‍र यस निर्देशिकाको परिच्छेद ३ अनुसारको ढाँचामा तैयार गरिएको हुनु पर्ने छ।

   ग) आयोजनाको तर्कयुक्त ढाँचा (अनुसूची १ अनुसार) अनिवार्य समावेश भएको हुनु पर्ने छ।

   घ) आयोजना अवधारणा पत्र भिन्न शीर्षकहरु (Headings), भिन्न स्थानहरु (Locations) वा अन्य कुनै छद्‍म भेषमा एक भन्दा वढी आयोजना अवधारणा पत्र बनाई पेश गरेको पाइएमा छनौटमा समावेश गरिने छैन।

   ङ) सहयोगी संस्थाले उपर्युक्‍त आयोजनामा सहकार्य वा साझेदारीमा काम गर्नको लागि भएको संझौता पत्र वा सहमति पत्र (आयोजनाको प्रकृतिले माग गरे अनुरुप) भएको हुनु पर्ने छ।

   च) कोषको कार्यविधि बमोजिम आयोजनाका आवेदक युवा वैज्ञानिकहरु ४० बर्‍ष उमेर भन्दा कम उमेरको हुनु पर्नेछ।

५. माथी नं ४ का न्यूनतम शर्तहरु पुरा नभई पेश भएका आयोजना अवधारणापत्रहरु मूल्याङ्कनका लागि विज्ञकोमा पठाईने छैन। त्यस्ता नवप्रवर्तनका प्रस्तावहरु कोषलाई उपयुक्त लागेमा पुन लेखनका लागि सम्वन्धित प्रस्तावकोमा पठाइनेछ र आवश्यकपरे प्रस्ताव लेखनका लागि क्षमता अभिबृद्धि तालिमको ब्यवस्था गरिने छ।

६. विज्ञहरुलाई प्रस्तावकको बारेमा जानकारी नहोस भन्नाको लागि आयोजना अवधारणापत्र विज्ञहरुमा मूल्याङ्कन को लागि पठाउनु पूर्व विशेष सन्दर्भ कोड प्रदान गरिनेछ।

७. प्रारम्भिक छनौटबाट छानिएका प्रत्येक आयोजना अवधारणा पत्रहरु कोषको रोष्टर सूचिमा रहेका सम्वन्धित क्षेत्रको विज्ञ पहिचान गरी निर्धारित मापदण्ड (Criteria) को आधारमा मूल्याकंन गर्न पठाइनेछ।

८. प्रत्येक विज्ञले अवधारणा पत्रका सम्वन्धमा प्रस्ताव लाई निम्न विषयमा जानकारी दिनेगरी युवा वैज्ञानिक प्रोत्साहन कोषललाई गोप्य मूल्याकंन प्रतिवेदन दिनु पर्नेछ।

क) शूक्ष्म (Minor) परिमार्जन सहित स्वीकृतिको लागि सिफारिशः कारण उल्लेख गर्ने।

ख) वृहत (Major) परिमार्जन सहित स्वीकृतिको लागि सिफारिशः कारण उल्लेख गर्ने।

ग) अस्वीकृतः अस्वीकृत हुनाको कारण उल्लेख गर्ने।

९. कुनै आयोजना अवधारण पत्रको मूल्याङ्कनको लागि विज्ञको पहिचानको क्रममा कोषले सम्बन्धित विषयको दक्षता र सान्दर्भिकता, विगतमा गरेको कामको स्तर, समयमा मूल्याङ्कन गरे नगरेको र सम्पन्न गरेको कामको गुणस्तर जस्ता कुराहरु दृष्टिगत गर्ने छ।

१०. अवधारणापत्रको मुल्याङ्कन सफल भए पछि सम्बन्धित प्रस्तावकलाई पूर्ण प्रस्ताव पेश गर्न पत्र निश्चित समय उपलब्ध गरिनेछ। पेश गरिएका पूर्ण प्रस्तावहरु मूल्याङ्कनको लागि विज्ञकोमा पठाइने छ।

# अनुसूची १

## तर्कयुक्त ढाँचा (Logframe) सम्बन्धी निर्देशिका

---

**● परिचय  ● उद्देश्य  ● फ्रतिफल  ● क्रियाकलापको परिभाषा  ● मुख्य प्रश्नहरु**


---

१. तर्कयुक्त ढाँचा (Logframe) को उद्देश्य आयोजनाको तर्क र बिभिन्न अङ्ग (component) लाई स्पष्ट परभाषित गरी राम्रो आयोजना तर्जुमा गर्नु रहेकोछ । यसले आयोजन डिजाइन, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई सुदृढ गर्न सहयोग गर्दछ।

२. आयोजनाको अङ्गलाई तर्कयुक्त ढाँचामा यस प्रकार जोडिन्छः क्रियाकलाप र मान्यता बाट प्रतिफल प्राप्त हुन्छ। प्रतिफल र मान्यता बाट उद्देश्य।

३. तर्कयुक्त ढाँचामा ४ x ४ को तालिकामा हुन्छ जसमा ठाडो र तेर्सो तर्कयुक्त (Logic) हुन्छ। जस्तै

ठाडो तर्कयुक्त

| | | |
|---|---|---|
| लक्ष (Goal) |  | मान्यताहरु (Assumptions) |
| उद्धेश्य (Purpose) | | मान्यताहरु (Assumptions) |
| प्रतिफल (Output) | | मान्यताहरु (Assumptions) |
| क्रियाकलाप (Activities) | | मान्यताहरु (Assumptions) |

तेर्सो तर्कयुक्त

| | | |
|---|---|---|
| लक्ष (Goal) | सूचकहरु (Indicators) | मान्यताहरु (Assumptions) |
| उद्धेश्य (Purpose) | सूचकहरु (Indicators) | मान्यताहरु (Assumptions) |
| प्रतिफल (Output) | सूचकहरु (Indicators) | मान्यताहरु (Assumptions) |
| क्रियाकलाप (Activities) | सामग्री (Specification of Input) | मान्यताहरु (Assumptions) |

तर्कयुक्त ढाँचाको फारम

| विवरणको सरांश (Narrative Summary) | मापनयोग्य सूचकहरु (Objectively Verifiable Indicators) | प्रमाणित गरिने माध्यम (Means of Verification) | जोखिम तथा मान्यताहरु (Risks and Assumptions) |
|---|---|---|---|
| लक्ष (Goal) | | | |
| उद्धेश्य (Purpose) | | | |
| प्रतिफल (Output) | | | |
| क्रियाकलाप (Activities) | सामग्री तथा बजेट Input and Budget | | मान्यताहरु (Assumptions) |

नोटः तर्कयुक्त ढाँचाले “SMART” को अवधारणा अनुसार र मापनयोग्य सूचकहरु (Objectively verifiable indicators) QQT, M फाराम अनुसार हुनु पर्दछ । तर्कयुक्त ढाँचामा बजेटको संक्षिप्त रुप प्रतिफल र वर्ष अनुसार प्रस्तुत गर्नु पर्दछ ।

४. मेट्रिक्सका बिभिन्न अङ्कलाई निम्न वमोजिम परिभाषित गरिएको छ ।

क) आयोजनाको लक्ष्य (Goal) भनेको माथिल्लो तहको उद्देश्य अथवा आयोजनाको दीर्घकालीन प्रभाव हो ।

ख) उद्देश्य (purpose) भनेको छोटो समयमै मापन गर्न सकिने प्रभावलाई भनिन्छ जो कि आयोजनाको अन्तिम उपलब्धी हुनेछ ।

ग) प्रतिफल (Output) भनेको आयोजनाले प्रदान गर्ने उपलब्धी हो जो आयोजना प्रमुखले अनिवार्य उपलब्ध गराउन सक्नु पर्दछ ।

घ) क्रियाकलाप (Activities) भनेको आयोजना टिमले कार्यान्वयन गर्ने कार्यक्रम हो जसबाट प्रतिफल प्राप्त हुन सक्दछ ।

ङ) सूचक (Indicators) भनेको त्यस्तो मापक हो जसबाट कति हदसम्म प्रत्येक स्तरको उद्देश्य प्राप्ति हुन सकेको छ भन्ने दर्शाउँछ र यसले परिमाण (Quantity), गुण (Quality) र समय (Time) लाई लक्षित गर्दछ ।

च) प्रमाणित गरिने माध्यम (Means of verification) भन्नाले तथ्याङ्क वा विवरणको यस्तो श्रोतलाई जनाउँछ जसले उद्देश्यको प्रत्येक स्तरका सूचकहरुको वारेमा प्रमाणीकरण गर्न आवश्यक जानकारी दिन सक्दछ ।

छ) जोखिम तथा मान्यता (Risk and assumption) भन्नाले यस्ता महत्वपूर्ण घटना, शर्तहरु एवं निर्णयहरु हुन् जो आयोजनाको नियन्त्रण वाहिरका हुन्छन तर आयोजनाको उद्देश्य प्राप्तिका लागि यी मान्यता कायम हुन आवश्यक रहन्छ ।

५. तर्कयुक्त ढाँचा तयार गर्ने कार्य पद्धति निम्न अनुसार दिइएको छ ।

## मूलभुत लक्ष्यलाई परिभाषित गर्ने

६. आयोजनाको औचित्यः कतिपय आयोजनाहरु एउटै लक्ष्य (Goal) का सहभागी बन्न सक्दछन् । आयोजनास्तरको लक्ष्य भन्नाले आयोजनाले सम्बोधन गर्न खोजेको कार्यक्रम उद्देश्य (Program purpose) भन्ने गरी परिभाषित गरिएको हुन्छ ।

## उद्देश्य (Purpose) लाई परिभाषित गर्ने

७. वाञ्छित प्रभावको हिसाबले आयोजना किन सञ्चालन गरिएको छ । आयोजनाको उद्देश्य (Purpose) भनेको त्यो प्रभाव (Impact) हो जुन आयोजनाको प्रतिफलले श्रृजना गर्नेछ भनी आशा गरिएको हुन्छ । आयोजनाको स्पष्टरुपमा व्यक्त गरिएको एउटा मात्रै उद्देश्य (purpose) हुनु पर्दछ जो प्रतिफलको पुनर्संरचना (reformulation) हुनु हुदैन, जो आयोजना व्यबस्थापनको जिम्मेवारी भन्दा बाहिर रहेको हुन्छ । आयोजनास्तरमा उद्देश्य (purpose) लाई कार्याक्रमको प्रतिफल (Program output) भनी परिभाषित गर्न सकिन्छ जसको प्राप्तिमा आयोजनाले योगदान पुऱ्याएको हुन्छ ।

## प्रतिफल (Output) लाई परिभाषित गर्ने

८. आयोजनाले के उपलब्धी हासिल गर्दछ ? आयोजनाको उद्देश्य (Purpose) अनुसारका अनुसन्धानका उपयुक्त खालका नतिजा /उत्पादनहरु हुन्, जसलाई आयोजनाले हासिल गराउँदछ ।

९. आयोजनाको उद्देश्य (Purpose) प्राप्तिका लागि प्रतिफलहरु (Outputs) जरुरी भएको हुँदा यसलाई स्पष्ट नतिजाको प्रस्तुत गरिनु पर्दछ। प्रतिफलहरुलाई उपलब्ध गरिने समयको क्रमअनुरुप क्रमवद्ध रुपमा प्रस्तुत गरिनु पर्दछ ।

१०. प्रक्रियामा रहेको आयोजना (Process project) को हकमा अथवा पहिलो चरणका प्रतिफल मात्रै निर्धारण गर्न् संभव हुन सक्दछ । यस्तो स्थितिमा तर्कयुक्त ढाँचालाई नयाँ प्रतिफल समावेश गरी सरोकारवाला वा सहभागीको सहमतिमा पुनः निर्माण गरिनेछ भनी अन्तिम प्रतिफलकै रुपमा उल्लेख गर्नुपर्ने हुन्छ ।

क्रियाकलापहरुलाई परिभाषित गर्ने

११. सही क्रियाकलापहरुले मात्र आयोजनाहरुलाई उपलब्धीमूलक बनाउँदछ । क्रियाकलाप भनेका आयोजनाका क्रियात्मक अङ्गहरु हुन् र यीनै क्रियाकलापबाट आयोजनाले प्रतिफल प्राप्त गर्दछ । सम्पूर्ण क्रियाकलापको कार्यान्वयन गर्ने जिम्मेवारी अनुसन्धानकर्ताको हुनेछ ।

१२. प्रतिफलस्तरका सबै उद्देश्यहरु प्राप्तिका निमित्त एक वा बढी क्रियाकलापहरुको संलग्न रहेको हुन्छ । यस्ता क्रियाकलापहरुलाई प्रतिफल प्राप्तिका क्रियाको रुपमा परिभाषित गरिएको छ ।

ठाडो क्रममा प्रस्तुत तर्कलाई प्रमाणित गर्ने (Verify the vertical Logic)

१३. उद्देश्यका स्तरलाई चेक गर्न यस्तो तर्कको उपयोग गर्नेः यदि यसो भने यस्तो उपलब्ध हुन्छ भन्ने तरिकाबाट उद्देश्यहरुको स्तरको आपसी सम्बन्धलाई चेक गर्ने । यसलाई गर्ने अर्को तरिका होः उद्देश्यको स्तरमा तल जाँदा "कसरी" भनी प्रश्न गर्ने ।

१४. उद्देश्य (purpose) र मूल उद्देश्य अर्थात लक्ष्य (goal) बीचको "यदि / तव" को सम्बन्ध तर्कयुक्त हुनु पर्दछ र कुनैपनि महत्वपूर्ण श्रेणी / खण्डलाई छाड्नु हुंदैन । क्रियाकलाप (activity), प्रतिफल (output), उद्देश्य (purpose) र मूल उद्देश्य अर्थात लक्ष्य (goal) बीचको ठाडो तर्क समष्टिगत र वास्तविक रुपमा आधारित हुनु पर्दछ ।

**मुख्य मान्यताहरु (Important assumption) लाई परिभाषित गर्ने**

१५. यिनीहरुलाई निम्नस्तरमा परिभाषित गरिनु पर्दछ ।
   क) मूल उद्देश्य अर्थात लक्ष (goal) को स्तरमा
   ख) उद्देश्य (purpose) को स्तरमा
   ग) प्रतिफल (outputs) को स्तरमा
   घ) क्रियाकलाप (activity) को स्तरमा

१६. मुख्य मान्यताहरु (Assumptions) चाँही "वाह्य परिस्थिति अथवा कारणहरु" हुन् जसमा आयोजनाको कुनै नियन्त्रण रहंदैन तर यस्ता मान्यतामा उद्देश्यको उपलब्धी निर्भर रहन्छ ।

१७. मान्यताको विपरित हुन गएमा आयोजनाको प्रतिफल बहकिन्छ अथवा नकारात्मक प्रतिफल हुन जान्छ, जस्तो कि विदेशी संस्थाको राम्रो सहयोग मिल्नेछ, वर्षाले विगार्ने छैन, उपयुक्त फिल्डको स्थल उपलब्ध हुनेछ ।

१८. उद्देश्य (purpose) र यसका लागि मान्यता (assumption) दुबैको संयोगबाट नै लक्ष (goal) प्राप्तिका लागि आवश्यक एवं पर्याप्त शर्तहरु श्रृजना हुन सक्दछ ।

१९. प्रतिफल (output) र यसका लागि मान्यता (assumption) दुबैको संयोगबाट नै उद्देश्य् (purpose) प्राप्तिका लागि आवश्यक एवं पर्याप्त शर्तहरु श्रृजना हुन सक्दछ ।

२०. क्रियाकलापको स्तरमा कुनै पनि पूर्व शर्तहरु समावेश गरिनु हुंदैन । यस्ता शर्तहरु क्रियाकलापको भन्दा तल्लो स्तरमा अलग्गै बुँदाको रुपमा राखिनु पर्दछ ।

मापनयोग्य सूचक (Mesurable indicators) लाई परिभाषित गर्ने

२१. बिभिन्न स्तरका लागि सूचकहरु परिभाषित गरिनु पर्दछ ।

   क) लक्षको स्तरमा (Goal level)
   ख) उद्देश्यको स्तरमा (Purpose level)

ग) प्रतिफलको स्तरमा (Output level)

घ) क्रियाकलापको स्तरमा — बजेटको सारांश र उपकरण (Input) प्रस्तुत गर्ने

२२. मापनयोग्य सूचकहरु नाप्न सकिने खालका हुनु पर्दछ । यसलाई चार खण्डमा निर्माण गरिन्छ । उदाहरणका लागि मानौं यदि प्रतिफल (output) चाँहि लक्षित क्षेत्रको उत्पादकत्व बढेको हुनेछ भन्ने छ भने यसका लागि सूचक निम्न बमोजिम तयार गर्नु पर्दछ ।

क) सूचकलाई परिभाषित गर्ने – उन्नत प्रविधिको प्रयोग बढेको हुनेछ

ख) यसको गुण (Quality) लाई संकेत गर्ने – प्रविधि प्रयोग गरेको उत्पादनको प्रयोग बढेको हुनेछ

ग) यसको परिमाण (Quantity) लाई संकेत गर्ने – प्रविधि प्रयोग गरी उत्पादीत बस्तुको प्रयोगमा २० प्रतिशतले बृद्धि भएको हुनेछ

घ) समयलाई संकेत गर्नेः २०२३ सम्ममा नव प्रविधिको उत्पादनको प्रयोगमा ४० प्रतिशतले बृद्धि भएको हुनेछ

ङ) स्थानलाई संकेत गर्नेः लक्षित प्रदेशको ३ वटा जिल्लामा २०२३ सम्ममा बिकसित प्रविधिबाट उत्पादित बस्तुको प्रयोगमा ४० प्रतिशतले बृद्धि भएको हुनेछ

च) कसले संकेत गर्नेः लक्षित प्रदेशको ३ जिल्लामा कृषकहरुले २०२३ सम्ममा बिकसित प्रविधि प्रयोगमा ४० प्रतिशतले बृद्धि भएको हुनेछ

२३. कहाँ र कसले भन्ने कुराको सूचक प्रसार तथा विकास प्रकृतिका आयोजनाहरुमा बढी महत्वपूर्ण हुन्छ र अनुसन्धान केन्द्रित आयोजनाहरुमा पनि आवश्यक हुन्छ ।

२४. सूचकहरुको प्रतिफल (outputs) प्राप्तिको नतिजा (results) लाई आवश्यक विवरण साथ परिभाषित गर्न सक्नु पर्दछ । परिमाण र समय मापन गर्न सक्ने गरी सूचकहरुको छनौट गरिनु पर्दछ । यो कुरा प्रतिफल (Output) को स्तरमा प्रभावकारी अनुगमन र उद्देश्य (purpose) को स्तरमा मूल्याङ्कन गर्नको लागि महत्वपूर्ण हुन जान्छ ।

२५. उद्देश्य (purpose) को सूचकले परिमाण, गुण र समय (Quality, Quantity and Time-QQT) को मापन गर्न सक्नु पर्दछ ।

## प्रमाणित गर्ने आधारलाई परिमाषित गर्ने (Define the means of verification)

२६. तर्कयुक्त ढाँचाको प्रत्येक तह लक्ष्य (goal), उद्देश्य (purpose), प्रतिफल (Outputs) र क्रियाकलाप (Activity) का सूचकहरुको मापनयोग्य सूचक (OVI) लाई प्रमाणित गर्न सकिने माध्यम (Means of verification) का वारेमा विवरण प्रस्तुत गर्नु पर्दछ।

२७. हासिल गरिएको उपलब्धीहरुलाई प्रदर्शन गर्न सूचकहरुलाई प्रमाणिकरण गर्न सकिने विवरणको श्रोत पहिचान गरिनु पर्दछ ।

२८. क्रियाकलाप स्तरमा युवा वैज्ञानि प्रोत्साहन कोषको आवश्यकता अनुसारका जस्तै प्रगति प्रतिवेदन, वार्षिक तथा अन्तिम प्रतिवेदन आदिलाई नै मान्यता दिइन्छ।

२९. प्रतिफलका स्तरमा प्रविधि विकास, नव-प्रवर्तन, प्याटेन्ट राईट, प्रकासन, प्रविधि उपयोग आदि हुन सक्दछन् । तर्कयुक्त ढाँचामा प्रस्तुत कृयाकलापले प्रमाणीकरणका माध्यम पहिचान गर्नु पर्दछ।

## तर्कयुक्त ढाँचाको समीक्षा गर्ने

३०. अनुगमन तथा मूल्याङ्कन पद्धती स्थापनाका लागि सूचक (Indicators) तथा प्रमाणीकरण (Verification) स्तम्भमा विषेष ध्यान दिएर तर्कयुक्त ढाँचालाई पुरा गर्नु पर्दछ। यसरी तयार गरिएको तर्कयुक्त ढाँचाले आयोजनाको अनुगमन तथा मूल्याङ्कन आधारको निर्माण गर्न सक्दछ।

मुख्य प्रश्नहरु (Key questions)

तलका प्रश्नहरुले तर्कयुक्त ढाँचा तयार गर्न सहयोगी हुनेछन् ।

**लक्ष (Goal))**

क) आयोजानले समाधान गर्न खोजेको समस्या के हो ?
ख) आयोजनाले समस्या समाधानमा कसरी योगदान पुर्याि उसक्दछ ?
ग) यसरी समादान गरीने योगदानलाई कसरी मापन गर्न सकिन्छ ?
घ) अन्य के कस्ता शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?
क) आयोजानले समाधान गर्न खोजेको समष्टिगत समस्या के हो ?
ख) आयोजनाले यसको समाधानमा कसरी योगदान पुऱ्याउन सक्दछ ?
ग) यस्तो योगदानलाई कसरी मापन गर्न सकिन्छ ?
घ) अन्य के कस्ता शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

उद्देश्य (Purpose)

क) आयोजानबाट सिधै पर्ने असर (effects) र प्रभाव (Impacts) के हुन ?
ख) यसबाट समस्या समाधानमा कसरी मद्दत पुग्दछ ?
ग) असर र प्रभावलाई कसरी मापन गरिने छ ?
घ) आयोजनाले लक्षलाई योगदान दिन अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्नेछ र यसमा के कस्ता जोखिम रहने छन् ?
ङ) उपलब्धी हुने लाभ वा फाईदालाई कसरी दिगो गर्न सकिन्छ ?

**प्रतिफलहरु (Outputs)**

क) आयोजनाले के दिन (Deliver) सक्छ ?
ख) प्रतिफललाई कसरी मापन गर्न सकिन्छ ?
ग) यदि प्रतिफल (Outputs) द्वारा उद्देश्य (purpose) प्राप्ती गर्ने हो भने अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

क्रियाकलापहरु (Activities)

क) के गर्न गई राखिएको छ ?
ख) के ज्ञान, सामान र उपकरण आवश्यक पर्दछ ?
ग) कति आर्थिक सहयोग चाहिन्छ ?
घ) यदि क्रियाकलाप (Activity) द्वारा प्रतिफल (Output) प्राप्ती गर्ने हो भने अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

## अनुसूची २
## आयोजना संयोजकको र अन्य सदस्यहरुको व्यक्तिगत विवरण

१. नाम ....................................................
२. सम्पर्क ठेगाना ....................................................
गाउँ /टोल ....................................................
गा. पा. / न.पा. ....................................................
जिल्ला ....................................................
मोबाइल ....................................................
इमेल ....................................................

३. शैक्षिक योग्यता (उच्चतम ३ मात्र)

| क्र.सं. | शैक्षिक उपाधी | अध्ययन संस्थान | पूरा गरेको वर्ष | मुख्य विषयहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४. पेशागत अनुभव (प्रस्तावसँग सम्बन्धित मात्र, सबभन्दा हालसालकोबाट शुरु गर्ने)

५. प्रकाशनहरु (प्रस्तावसँग सम्बन्धित मात्र, सबभन्दा हालसालकोबाट शुरु गर्ने)

६. आवद्ध संस्थाहरु (हालसालको बाट शुरु गर्ने)

७. घोषणा

म पूर्ण जिम्मेवारीका साथ घोषणा गर्दछु कि मैले जाने वुझे सम्म माथी दिइएका विवरणहरु सत्य छन्।

दस्तखतःः .......................................

नामः .............................................

मितिः............................................

## ३.३ आयोजना अवधारणापत्र र पूर्ण प्रस्तावको मूल्याङ्कनका आधारहरु

वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट बागमती प्रदेशको आर्थिक विकास र नागरिकको सम्बृद्ध जीवनका लागि उत्पादन र उत्पादकत्व बृद्धि, दिगो विकासमा सुधार गर्न जोड दिन युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना भएको हो । प्रदेशको सम्बृद्धि तथा मानवमा जीवनका नयाँ आवश्यकताहरू पूरा गर्न नयाँ रचनात्मक बैज्ञानिक सोचलाई उपकरण, डिजाईन, विधि वा प्रविधिको रूपमा विकास वा आविष्कार गर्न युवा वैज्ञानिकहरुलाई सहयोग गर्नु कोषको लक्ष हो । कोष लक्षित आविष्कार / नवप्रवर्तनबाट प्राप्त उपलब्धीको व्यवहारिक कार्यान्वयनमा संलग्न भई विकसित प्रविधि र उत्पादनले बजार वा समाजमा सार्थक प्रभाव पार्नु पर्दछ । यसरी विकसित नवीनतम डिजाईन, उत्पादन, प्रविधि, प्रक्रिया, सेवाहरू प्रतिस्पर्धी, जन चाहना अनुरुप, प्रदेशको सम्बृद्धिका लागि गेम चेन्जरको रुपमा लागू गर्न सकिने हुनु पर्दछ । मुल्याङ्कनकर्ताले प्रस्तावहरुको मुल्याङ्कन गर्दा परियोजनाहरुले अर्थपूर्ण प्रभाव पार्न नवप्रवर्तनको कार्यान्वयन पक्ष पूर्णरुपमा व्यावहारिक छ छैन, नवप्रवर्तन गरिएका उत्पादनहरू, प्रविधि, सेवाहरू समाज वा बजारले सहजरुपमा अपनाउने छन् वा छैनन् र यसबाट प्रदेशको आर्थिक, सामाजिक र वातावरणीय पक्षमा प्राप्त हुने उपलब्धिहरूले समाजलाई प्रभावकारी रुपान्तरण कसरी गर्न सक्दछ भन्ने पक्षमा ध्यान दिनुपर्नेछ ।

आधार नं. १ ले प्रारम्भिक आयोजना प्रस्ताव (PCN) पूर्ण प्रस्तावका लागि योग्य छ कि छैन भन्ने भन्ने आधार तयार गर्दछ । आधार नं. २ देखि ८ सम्म मूयाङ्कनकर्ताले पूरण प्रस्ताव लेख्दा वा प्रभावकारी रुपमा आयोजना सम्पन्न गर्न र उचित प्रतिफल प्राप्त गर्न के के कुरामा सुधार गर्नु पर्दछ प्रस्तावकलाई सो को सुझाव बुँदागत रुपमा दिनु पदर्छ ।

१) के प्रस्तावहरु कोषको उद्देश्य अनुरुप नवप्रवर्तनयोग्य छ ? के यसले तल दिए अनुसार नयाँ सोच , विधि , प्रविधि र उत्पादनसँग प्रत्यक्ष सम्बन्ध राख्दछ? यदि राख्दछ भने कुन चाहिँ ठोस उपलब्धी प्राप्त हुन्छ उल्लेख गर्नु पर्नेछ।

| | |
|---|---|
| क) नवप्रवर्तन सहितको उत्पादनको प्रोटोटाइप विकास गर्दछ | **१५ अङ्क** |
| ख) नयाँ विधि/प्रविधिको (Methodology) विकास गर्दछ | **१० अङ्क** |
| ग) नयाँ सोच/डिजाइन (Creative imagination / design) को विकास गर्दछ | **५ अङ्क** |
| | जम्मा **३० अङ्क** |

यो कोषले आव्हान गरेको प्रस्तावको प्रमुख पाटो हो । प्रस्तावहरु नयाँ सोँच, तरिका र डिजाईनमा आधारित रहि कोषको उद्देश्य बमोजिम प्रत्यक्षरुपमा ठोस उपलब्धी प्राप्त गर्ने हुनु पर्दछ । सूचना तथा ज्ञान संकलन गर्ने , तथ्याङ्क मात्र राख्ने, बर्गीकरण गर्ने, मुल्याङ्क गर्ने, वा पहिले अन्यत्र गरिसकेका वा प्रकाशित भै सकेका अनुसन्धान वा तरिका हरुमा मात्र आधारित रहेका प्रस्तावहरु कोषबाट अनुदान प्राप्त गर्न योग्य हुने छैनन् । प्रस्तावहरु पूर्णरुपमा रचनात्मक बैज्ञानिक सोचमा आधारित भई उपकरण, डिजाइन, विधि वा प्रविधिको ठोस रुपमा प्रतिफल प्राप्त हुने हुनुपर्दछ । तसर्थ माथीको (क), (ख), (ग) मध्यै सबै कुनै दुई, वा कुनै एक उपलब्धी प्राप्त हुने प्रस्तावहरुमात्र पूर्ण प्रस्तावका लागि अगाडि बढाउन सकिने छ । प्रदेशको सम्बृध्दि, उत्पादन र उत्पादकत्वमा बृद्धि, मानवीय जीवनमा गुणस्तरीय परिवर्तन ल्याउने गरी ठोस उपलब्धी प्राप्त नहुने प्रस्तावहरु कोषको लागि मान्य हुने छैनन् । साथै भौतिक पूर्वाधार विकास, महङ्गा बैज्ञानिक उपकरण खरिद, वा व्यवसाय स्थापना सञ्चालनका लागि माग गरिएका प्रस्तावहरु कोषका लागि मान्य हुने छैनन् ।
तलका केही प्रश्नहरुले प्रस्ताव मूल्याकंन गर्ने क्रममा सहयोग पुर्‍याउन सक्नेछन् ।

- प्रस्तावहरु कोषको लक्ष अनुरुप बा गमति प्रदेशको सम्बृद्धि र नागरिकको सम्बृद्ध जीवनका लागि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने प्रोटोटाईप वा प्रविधि विकासमा संलग्न हुनु पर्दछ ।

- एकल वा ठाडो विषय (Single or vertical Discipline) र अव्यवहारिक सैद्धान्तिक विषयमा अध्ययन गरिने, तथ्याङ्क संकलन गरिने, ज्ञानमात्र आर्जन गरिने, वा कुनै न्यूनतम शैक्षिक योग्यतामात्र प्राप्त गर्न थेसिस गरिने खालका अनुसन्धान युवा वैज्ञानिक कोषको लागि उपयुक्त हुंदैन।
- प्रस्तावका क्रियाकलापहरु क्रियात्मक (Functional), प्रभावकारी, उत्पादन वा उत्पादकत्व बृद्धिको प्रोटोटाईप विकास, प्रविधि/विधि वा नयाँ तरिकाको विकास वा नयाँ डिजान र सोच मा आधारित हुनु पर्दछ।

२) के प्रस्तावनाले कोषको उद्देश्य अनुरुप प्रतिफल प्राप्त गर्न सकिने स्प ष्ट अध्ययन, तरिका (Methodology) र नयाँ प्रविधि विकास वा नवप्रवर्तनसँग संलग्न भई नमूना/तरिका (Model/ Protocols), प्रोटोटाइप विकास गर्ने सुनिश्चितता गर्न सक्दछ ? २० अङ्क

यो कोषले आव्हान गरेको प्रस्तावनापत्रको दोश्रो महत्वपूर्ण पाटो हो। वैज्ञानिकहरुमा नव-प्रवर्तन, अनुसन्धानमा अपनाईएका तरिका (Methodology), पद्धति, प्रयोग गतिशीलता, नवीनतम सोच र अनुसन्धानकर्ताहरुको क्षमता को बारेमा मुल्याङन गर्दछ। कतिपय अवस्थामा संलग्न अन्य सहभागी युवा वैज्ञानिकहरुमा पनि नयाँ सोच र नव-प्रवर्तनका लागि विशेष क्षमता हुन सक्दछन् जसले युवा वैज्ञानिकहरुमा नवप्रवर्तन , अनुसन्धानमा सहकार्यको पद्धति प्रयोग गतिशीलता , नविनतम सोच र समूहमा काम गर्ने क्षमता विकास गर्दछ। विकसित प्रविधि प्रदेशको समृद्धि र मानव जीवन सहज बनाउनका लागि उपयोगी वा मेल खाने हुनुपर्दछ। गरिने नवप्रवर्तन वा अनुसन्धानले समाज वा विकासमा समस्या सृजना गर्दछ कि भन्ने पक्षमा पनि सचेत हुनुपर्दछ। प्रस्तावहरुको तयारी र कार्यान्वयनमा सम्बृद्धि र सामाजिक विकासको पक्षको संलग्नता हनु पर्दछ र नवप्रवर्तनका तरिकाहरु ठोस रुपमा भएको स्वतः प्रमाणित भएको हुन पर्दछ।
प्रतिफल प्राप्त गर्न सकिने स्पस्ट अध्ययन , तरिका (Methodology) र नयाँ प्रविधि विकास वा नवप्रवर्तन सँग संलग्न भई नमूना/तरिका (Model/ Protocols), प्रोटोटाइप विकास गर्ने सुनिश्चितता गर्न कुनै पक्ष सुधार गर्न आवश्यक छ भने पूर्ण प्रस्ताव तैयार गर्दा आवेदकले तरिकामा के कस्ता सुधार गर्नु पर्दछ सो बारे मुल्याङ्कनकर्ताले सुझावहरु दिनु पर्दछ।
तल दिइएका प्रश्नहरुले प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा सहयोग पुर्याउन सक्नेछः

- के ज्ञान पद्दति (Knowledge System), तरिका र नवप्रवर्तनका विधिहरु स्पष्ट रुपमा पहिचान गरिएको छ ? अथवा डिजाईनमा यसलाई समावेश गरिनु पर्नेछ?
- प्रस्तावका अनुसन्धान वा नवप्रवर्तनका प्रतिफलहरुले अन्तिम उपभोक्ताहरुमा प्रत्यक्ष प्रभाव पार्ने हुनु पर्दछ।

३. के नवप्रवर्तकले प्रदेशको सम्वृद्धि ,नागरिकको गुणस्तरीय जीवन,उपभोक्ताको चाहना र मागमा आधारित रही प्रस्ताव तयार गरेको छ ? १५ अङ्क

सहभागीहरुसँग सहकार्य गरेपछी मात्र उपभोक्ताहरुको चाहना र मागबारे पुष्टि हुन्छ ? विज्ञहरुले आवश्यक ठानेमा प्रस्तावका विषयको मागको स्पष्ट पहिचान गर्न पूर्व आयोजना (Pre Project Phase) को लागि कोषलाई सिफारिस गर्न सक्नेछन्। युवा वैज्ञानिक प्रोत्साहन कोषले प्रदेश सम्बृद्धि , जनताले अनुभूती हुने गरी उनीहरुको जीवनमा आउने परिवर्तन, सरकार र जनताको माग अभिप्रेरित अनुसन्धान,नवपवर्तन तथा प्रविधि विकास एवम् विस्तारलाई प्रोत्साहन गर्ने गरेको छ। प्रस्तावित आयोजनले अन्तिम उपभोक्ताहरुको त त्कालीन आवश्यकता र मागलाई तथा कोषको उद्देश्यलाई सम्वोधन गर्छ कि गर्दैन ?

प्रस्तावहरु मानव जीवनका नयाँ आवश्यकताहरु पूरा गर्ने, जन चाहना अनुरुप छन् ?

- अपेक्षित नवप्रवर्तन र विकसित प्रविधि र यसका जानकारी सम्वन्धमा उपभोक्ताहरुको स्वीकार्यता र जिम्मेवारी के छ ?

- प्रस्तावमा सरकारी वा निजी सहकार्य र स्वीकारोक्तिलाई दिइएको हुनु पर्दछ ।
- यदि विकास गरिने विधि/प्रविधि वा नवप्रवर्तन अन्तिम उपभोक्ताहरुले स्वीकार गर्दै आएका छन् भने अव गरिने विकशित प्रविधिले द्रुततर गतिमा प्रभाव पार्ने हुन्छ।

४. के आयोजनाले प्राप्त प्रतिफल (Output) को बृहत्तररुपमा उपभोक्ता (बजार वा समाज) ले अनुसरण गर्ने वा उपलब्ध गराउने भनी पहिचान गरिएको वा देखाईएको छ? १० अङ्क

सफल प्रतिफल (Successful Outputs) को अनुशरण र विस्तार जटिल हुन्छ । के प्रस्तावमा उल्लेख गरिएको सुझाव (बाटाहरु) (Approach) मा उद्यमी वा प्रादेशिक, स्थानीय वा निजी संस्थाहरुलाई संलग्न गराई काम गर्ने भन्ने उल्लेख गरिएको छ ? उदाहरणः के अनुस्धान वा प्रवर्तनका प्रक्रियामा उत्पादक कम्पनी संलग्न वा उपभोक्ता समूह गठन गरिने भन्ने छ? विज्ञहरुले समीक्षा गर्दा देहायका बुदाँहरुलाई विचार प्रयाउनु पर्ने ।

प्राप्त सफल प्रतिफल (Successful Outputs) ले समाजिक विकास वा सम्बृद्धिमा गेम चेन्जरको रुपमा उपस्थित हुनुपर्दछ ।

- नवप्रवर्तित प्रविधिहरुलाई व्यापक अनुसरण र उपयोग गर्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहन गरिनेछ ।
- बजार विकास र बजारीकरण प्रक्रिया आयोजना प्रसार तथा अनुशरणको लागि महत्वपूर्ण अङ्ग हो त्यसैले यस्ता कुराहरु समेटीएको आयोजनहरुले बढी महत्व पाउने छ।

५. के विकसित प्रविधिबाट मानव जीवनमा ल्याउने परिवर्तनका विषयलाई सम्बोधन गरिएको छ ? (परिवर्तनका क्षेत्रहरु र अनुसरण गर्ने लक्षित क्षेत्र र जनसंख्याको आकार उल्लेख गर्ने) १० अङ्क

कोषको उद्देश्य प्रदेशको आर्थिक समबृद्धि , मानवीय जीवनमा सहजीकरण र युवा वैज्ञानिकको क्षमता विकास प्रमुख विषय भएकोले यसलाई सम्वोधन गर्नुपर्ने हुन्छ । अनुसन्धानले शहरी तथा ग्रामिण जन जीविका सुधारमा गेमचेन्जरको रुपमा योगदान दिने खालको हुनुपर्नेछ । यसलाई असर पार्ने कारक तत्वको बारेमा पनि उल्लेख गरेको हुनुपर्नेछ । उदाहरणार्थःविज्ञान र नव प्रवर्तनबाट बढ्नु राम्रो उपलब्धी हो तर नागिरकले अनुसर ण गरेनन् वा युवाको क्षमता विकास वैज्ञानिक संस्कारको विकास भएन भने यो दिगो उपयोग नहुन सक्छ ।

६. के प्रस्तावको डिजाइनमा वातावरणीय प्रभावका विषयका सकरात्मक र नकरात्मक समस्याहरु सम्वोधन गरिएको छ? ५ अङ्क

प्रस्ताव प्रतिफल (Outputs) ले वातावरणका पक्षाहरु ध्वनी , हावा,, पानी , प्रदुषण,माटो, पानी, वनस्पति, वन्यजन्तुमा पार्ने प्रभाव आदिलाई विचार गर्नु पर्दछ र यदि यसको व्यवस्थापनमा केही उपयुक्त व्यवस्था समावेश गर्नुपर्ने भए डिजाइनमा समावेश गर्नुपर्ने ।

**७.** उपलब्ध साधन र प्रस्तावको प्रकृतिलाई ध्यानमा राख्दा के प्रस्तावित क्रियाकलापहरु तोकएको समयभित्र पुरा गर्न सकिन्छ ? **५ अङ्क**

- प्रस्तावमा आयोजनाको समयतालिका (Scheduling) प्रायः जसो अनुमानित सम्पन्न हुने समय राखेर बनाइएको हुन्छ । स्थानीयस्तरका उपलब्ध सामग्रीबाट काम गर्दा यस्ता खालका अनुसन्धान र प्रविधि विकासमा चाँडो नतीजा हासिल गर्न सकिन्छ । विदेशबाट सामग्री ल्याउनु पर्ने भएमा त्यसका लागि उपलब्ध समय र कार्यान्वयन समयको ध्यान दिनु पर्ने हुन्छ ।

- आयोजना सञ्चालन समयतालिका निर्माण गर्दा यथार्थ समय तालिका राखी दीगोरुपमा आयोजना सम्पन्न गर्ने खालको हुनुपर्दछ।

८. के प्रस्ताव गरिएका क्रियाकलापहरु सम्पादन गर्न आवश्यक बजैटको यथार्थ चित्रण गरिएको छ? **५ अङ्क**

- आयोजनाको प्रतिफलबाट उपलब्ध प्रविधिको प्रोटोटाइप वा प्रोटोकल विकास गर्न , प्रमाणित गर्न तथा व्यापक प्रचार प्रसार गर्नका लागि उपयुक्त बजेट राखिनु पर्दछ । दीर्घकालिन प्रभाव पार्न नसक्ने खालका आयोजनाहरुमा विस्तार तथा अनुशरण गरिने कार्यक्रमको लागि न्यून बजेट प्रस्ताव गरिनु पर्दछ। विकसित प्रविधि, प्रसार तथा उत्पादित प्रविधि नाफामूलक छ छैन भन्नको लागि यथार्थ विश्लेषण गरिनु पर्दछ।

## ३.३ प्रस्ताव मूल्याङ्कन फारम

| **कोषको कोड** | |
|---|---|

आयोजना प्रस्ताव को शीर्षकः

| क्र.स. | प्रस्ताव मुल्याङ्कनका आधारहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | के प्रस्तावहरु कोषको उद्देश्य अनुरुप नवप्रवर्तनयोग्य छ? के यसले तल दिए अनुसार नयाँ सोच, विधि, प्रविधि र उत्पादनसँग प्रत्यक्ष सम्बन्ध राख्दछ ? यदि राख्दछ भने कुन चाहिँ ठोस उपलब्धी प्राप्त हुन्छ उल्लेख गर्नु पर्नेछ। | | |
| | क) नयाँ नवप्रवर्तन सहितको उत्पादनको प्रोटोटाइप विकास गर्दछ। | १५ | |
| | ख) नयाँ विधि/प्रविधिको विकास गर्दछ। | १० | |
| | ग) नयाँ सोच/डिजाइनको विकास गर्दछ। | ५ | |
| २ | के प्रस्तावनाले कोषको उद्देश्य अनुरुप प्रतिफल प्राप्त गर्न सकिने स्पस्ट अध्ययन, तरिका (Methodology) र नयाँ प्रविधि विकाससँग संलग्न भई नमूना / तरिका (Model/Protocols), प्रोटोटाईप, विकास गर्ने सुनिश्चितता गर्न सक्छ? | २० | |
| ३ | के नवप्रवर्तनले प्रदेशको सम्बृद्धि, नागरिकको गुणस्तरीय जीवन उपभोक्ताको चाहना र मागमा आधारित रही प्रस्ताव तयार गरेको छ? | १५ | |
| ४ | के आयोजनले पाप्त प्रतिफल (Output) को बृहत्तरुपमा उपभोक्ता, बजार वा समाजले अनुसरण गर्ने वा उपलब्ध गराउने भनी पहिचान गरिएको वा देखाईएको छ ? | १० | |
| ५ | के विकसित प्रविधिबाट मानव जीवनमा ल्याउने परिवर्तनका विषयलाई सम्बोधन गरिएको छ ? (परिवर्तनका क्षेत्रहरु र अनुसरण गर्ने लक्षित क्षेत्र र जनसंख्याको आकार उल्लेख गर्ने) | १० | |
| ६ | के प्रस्तावको डिजाइनमा वातावरणीय प्रभावका विषयका सकरात्मक र नकरात्मक समस्याहरुका बारेमा सम्बोधन गरिएको छ? | ५ | |
| ७ | उपलब्ध साधन र प्रस्तावको प्रकृतिलाई ध्यानमा राख्दा के प्रस्तावित कार्यक्रम तोकिएको | ५ | |

| | | | |
|---|---|---|---|
| | समयभित्र पुरा गर्न सकिन्छ? | | |
| ८ | के प्रस्ताव गरिएका क्रियाकलापहरु सम्पादन गर्न आवश्यक बजेटको यथार्थ चित्रण गरिएको छ? | ५ | |
| | जम्मा | १०० | |

प्रस्ताव सम्बन्धमा विज्ञको प्रतिक्रिया एवम् सुझावः

**विज्ञकोनामः** **दस्तखतः**

**मितिः**

## ३.३ विज्ञहरुबाट प्रस्ताव मूल्याङ्कन गर्दा दिने सुझाव र प्रतिकृयाको फारम

**१. के अवधारणा पत्र नवीनतम सोच सहित नवप्रवर्तनमा आधारित रहेर तैयार गरिएको छ? छ भने कुन उपलब्धी प्राप्त हुन्छ? र ती उपलब्धीहरुलाई बौद्धिक सम्पतीको रुपमा दर्ता गर्न सकिने वा कोषको उद्देश्य बमोजिम प्रदेशको सम्बृद्धिमा लागु गर्न सकिने हुनु पर्दछ।**

क) नवीनतम प्रोटोटाइपको विकास

ख) नयाँ विधि/प्रविधिको (Methodology/Protocol) विकास

ग) नयाँ सोच/डिजाइन (Creative imagination / design) को विकास वा

घ) अन्य.........................................................................................

यदि अवधारणापत्रले माथिका कुनै पनि प्रत्यक्ष उपलब्धी हासिल गर्न सक्दैन भने त्यस्ता अवधारणापत्रहरुलाई उपलब्धी हासिल हुने किसिमले पुनः अवधारणापत्र लेखनका लागि प्रोत्साहन गर्ने गरी सुझाव दिनुपर्दछ।

व्यावसायिक उत्पादन, भौतिक पुर्वाधार खडा गर्ने, पहिले गरिसकेका वा अन्यत्रबाट सोहि विषयमा अनुदान लिई सकेका अवधारणापत्र भए पूर्ण प्रस्तावमा सहभागी हुन नसक्ने सुझाव दिनु पर्दछ (यसका लागि ईनटरनेट सर्च गर्न सकिने छ)।

यदि अवधारणापत्रले प्रत्यक्ष नवीनतम उपलब्धी हासिल गर्दछ भने त्यस्ता अवधारणापत्रहरुलाई मुल्याङ्कनकर्ताले पूर्ण प्रस्ताव लेखनका लागि सुधार गर्नु पर्ने भए सो समेतको सुझाव दिनु पर्दछ।

१. के अवधारणापत्रको नविनतम सोचमा आधारित छ? छ भने कुन प्रतिफल दिन्छ?

२. के आयोजना अवधारणापत्र कोषको विषयगत प्रथमिकताको क्षेत्रभित्र रहेको छ?

३. के नव-प्रवर्तन गरिने वा कार्य गरिने ठाउँ प्रदेश भित्र पर्दछ?

४. के प्रदेशको लाभान्वित वर्ग, क्षेत्र कुन हो र यसले पार्ने प्रभाव कस्तो पर्दछ?

५. के आयोजना  लागत यथार्थपरक छ? छैन भने कसरी यथार्थपरक बनाउने सकिने सुझाव?

६. के आयोजना समय सिमा भित्र सम्पन्न गर्न सक्दछ ? बढीमा ३ बर्षसम्म सक्नु पर्ने हुँदा कसरी सक्दछ? सुझाव...

| |
|---|
| **१. आयोजना पृष्ठभूमी** स्पष्ट र संक्षेपमा हुनु पर्ने, अनुसन्धानको महत्व, विकास, अवसरहरु वारे उल्लेख गरी यससँग सम्बन्धित पहिले भएका गरिएका महत्वपूर्ण आयोजना, प्रकाशन र प्रविधि विकास को वारेमा अध्यावधिक विवेचना हुनु पर्ने,  आयोजना सञ्चालन गर्दा हुने वाधा अड्चन हटाउन वा समाधान कसरी गर्न सक्नेछ सुझाव। |
| |
| **२. आयोजनाको पुष्ट्याईः**  समस्याहरुको यथार्थ पहिचान गरी तिनीहरुलाई  गरिने अनुसन्धान र नव-प्रवर्तनले प्रदेशको सम्बृद्धिमा कसरी योगदान दिन सक्दछ पुष्टी गर्न सुझाव दिने। |
| |
| ३. **आयोजनाको उद्धेश्यः**  उद्देश्यहरु प्रत्यक्ष उपलब्धी हासिल गर्ने गरी  सम्बृद्धिमा मापनयोग्य प्रभाव (Measurable outcomes) पार्ने  गरी सुझाव दिने। |
| |
| **४. आयोजनाको प्रतिफलहरूः** अनुसन्धान /नव-प्रवर्तनबाट प्राप्त हुने प्रतिफलहरु नवीनतम प्रोटोटाईप, विधि/प्रविधि वा डिजाईन/सोचमा  उपलब्ध भई  ब्यावहारिकरुपमा उपयोग, अनुसरण र प्रसार योग्य  हुनु पर्ने सुझाव दिने। |
| |
| **५. आयोजनाका क्रियाकलापहरुको डिजाइनः  प्रतिफल प्राप्त गर्न प्रयोग गरिने प्रयोगशाला सामाग्री, परिक्षण विधि, डिजाइन र प्रविधि विकास, प्रशोधन, पदार्थ वा प्रविधि रुपान्तरण वा परिवर्तन** (Modification) **गर्ने तरिका आदि सहि ढंगले उ्लेख गरेको छ छैन यदि छैन भने पूर्ण प्रस्तावमा कसरी गर्ने सुझाव दिने। साथै** प्रतिफल (Outputs) प्राप्ति गर्न अपनाईने क्रियाकलाप (Activity) हरु यथार्थ र मेल खाने गरी उल्लेख गर्न सुझाव दिने। |
| |
| **६. लाभान्वित वर्गःआयोजनाबाट विकसित नयाँ प्रविधि, उपकरण, सीप, तरिका वा ज्ञानको उपयोगले लाभान्वित हुने क्षेत्र, वर्ग , गाँउ, समाज, उद्योग, व्यवशाय अथवा हित हुने वृहत समुदाय कुन र कति संख्या हो उल्लेख गरेको छैन भने गर्न सुझाव दिने।** |
| |

| |
|---|
| **७. आयोजनाका जोखिमहरुः** बाहिरी परिस्थिति अथवा कारणले गर्दा आयोजना संचालन गर्दा नियन्त्रण गर्न नसकि आयोजनाको लक्ष्य प्राप्ति गर्न असफल हुन सक्दछ भने त्यस्ता जोखिमहरुको उल्लेख गर्न सुझाव दिने। |
| |

| |
|---|
| **८. तर्कयुक्त ढाँचा (Logical Framework)** यसको उद्देश्य राम्रो आयोजना तर्जुमा गर्ने परिपाटीलाई प्रवर्द्धन गर्नु हो। यसले आयोजना चक्रभरीमा आयोजना डिजाइन, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई सुदृढ गर्न सहयोग गर्दछ। आयोजनाको लक्ष्य (Goal) , उद्देश्य (Purpose), प्रतिफल (Output), क्रियाकलाप (Activities), सूचक (Indicator), प्रमाणित गरिने माध्यम (Means of Verification), जोखिम तथा मान्यता (Risks and Assumption), वजेटको संक्षिप्त रुप प्रतिफल र वर्ष अनुसार प्रस्तुत गर्नु पर्दछ। तर्कयुक्त ढाँचा ठिक संग बनाएको छ छैन छैन भने उपयुक्त सुझाव दिने। |
| |

तर्कयुक्त ढाँचाको समीक्षा गर्दा निम्न प्रश्नहरुले तर्कयुक्त ढाँचा तयार गर्न सहयोगी हुनेछन्।

**लक्ष्य (Goal)**

क) आयोजानले समाधान गर्न खोजेको समष्टिगत समस्या के हो ?

ख) आयोजनाले यसको समाधानमा कसरी योगदान पुऱ्याउन सक्दछ ?

ग) यस्तो योगदानलाई कसरी मापन गर्न सकिन्छ ?

घ) अन्य के कस्ता शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

**उद्देश्य (Purpose)**

क) आयोजानबाट सिधै पर्ने असर (Effects) र प्रभाव (Impact) के हुन ?

ख) यसबाट समस्या समाधानमा कसरी मद्दत पुग्दछ ?

ग) असर र प्रभावलाई कसरी मापन गरिने छ ?

घ) आयोजनाले लक्ष्यलाई योगदान दिन अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्नेछ र यसमा के कस्ता जोखिम रहने छन् ?

ङ) उपलब्धी हुने लाभ वा फाईदालाई कसरी दिगो गर्न सकिन्छ ?

**प्रतिफलहरु (Outputs)**

क) आयोजनाले के दिन (Deliver) सक्छ ?

ख) प्रतिफललाई कसरी मापन गर्न सकिन्छ ?

ग) यदि प्रतिफल (Outputs) द्वारा उद्देश्य (Purpose) प्राप्ती गर्ने हो भने अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

**क्रियाकलापहरु (Activities)**

क) के गर्न गई राखिएको छ ?

ख) के ज्ञान, सामान र उपकरण आवश्यक पर्दछ ?

ग) कति आर्थिक सहयोग चाहिन्छ ?

घ) यदि क्रियाकलाप (Activity) द्वारा प्रतिफल (Output) प्राप्ती गर्ने हो भने अन्य के कस्ता मुख्य शर्तहरुको पालना गर्नु पर्दछ र यसमा के कस्ता जोखिमहरु छन् ?

| |
|---|
| **९. आर्थिक विवरण:** बजेट बनाउदा देखिने प्रतिफल (Output), प्राप्त गर्ने उपयुक्त कृयाकलाप (Activities) हरु सहि तरिकाले अबलम्बन गरिएका छन वा छैनन हेरी सुझाव दिनु पर्दछ। बजेट कृयाकलाप अनुसार यथार्थ परक हुनु पर्दछ। ठुला उपकरण खरिद, निर्माण जस्ता कार्यको लागि बजेट राख्नु हुँदैन। त्यसरी नै नव प्रवर्तन गर्ने आवश्यक जनशक्तिका लागि  मासिक तलब नराखी कार्य दिन वा घन्टा को हिसाबले राख्नु पर्दछ। नवप्रवर्तन गर्दा गरिने परिक्षण वा फ्याब्रिकेसन, बिद्युत, केमिकल वा खर्चहुने सामाग्रीका लागि यथार्थ परक बजेट प्रस्तुत गर्न सुझाव गर्ने। आर्थिक विवरण तयार गर्दा आयोजनाको अपेक्षित उपलब्धिहरु हासिल गर्न आवश्यक न्यूनतम रकम राख्न सुझाव गर्ने। |
| |
| **१०. विज्ञको राय / सुझाव:**<br>•<br>•<br>•<br>• |
| |